# देवदह नगरपालिकाका नगर प्रमुख श्री हिरा वहादुर खत्रीबाट
# देवदह नगरपालिको प्रथम नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को
# वार्षिक नीति,योजना,कार्यक्रम तथा बजेट :

**नगर सभाका सदस्यज्यूहरु,**

सर्वप्रथमम मुलुकमा आमुल परिर्वतनको सपना बोकि समय समय भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान प्रकट गर्न चाहन्छु । **"पर्यटन, कृषि र पूर्वाधार, समृद्ध देवदहको मूल आधार" भन्ने दीर्घकालिन सोच**लाई सार्थक पार्ने क्रममा स्थानीय तहको निर्वाचन पश्चातको प्रथम नगर सभामा नगर प्रमुखको हैसियतले आ.व. २०७४/०७५ को नगर विकास नीति, योजना, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

भगवान गौतम **बुद्धको मावली कोलिय राज्यको राजधानी** देवदहको नामबाट नामाङ्कित यस नगरपालिकाको क्षेत्रफल १३६.९५ वर्ग कि. मि. र जनसंख्या ५३,५२३ रहेको छ । यसको पूर्वमा सुनवल नगरपालिका, पश्चिममा बुटवल उप-महानगरपालिका र तिलोत्तमा नगरपालिका, उत्तरमा पाल्पा जिल्लाको माथागढी गाउँपालिका र दक्षिणमा ओमसतिया गाउँपालिकाको बिचमा सुन्दर पर्यटकीय नगरीको रुपमा यो नगरपालिका रहेको छ । कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको यस नगरमा लुम्बिनी आउने पर्यटक भित्र्याउन सक्ने उत्तिकै सम्भावना रहेको छ । प्राकृतिक श्रोत र साधनले भरिपूर्ण, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदा प्रयाप्त रहेको यस नगर क्षेत्र आध्यात्मिक क्षेत्रको रुपमा पनि विकासित हुँदै गएको छ । विभिन्न जातजातीका सांस्कृतिक सम्पदाले भरीपूर्ण यो नगरसम्म बुटवल औद्योगिक क्षेत्रलाई विस्तार गर्न सकेमा साना ठूला उद्योगहरुको विकास गर्न सक्ने पर्याप्त सम्भावना पनि रहेको छ । विगत वर्षसम्म यस नगरपालिकामा **६४ कि.मि. सडक कालोपत्रे, ४१ कि.मि. ग्रावेल, १२० वटा कल्भर्ट स्तरोन्नति भएका** छन् । पर्यटन, शिक्षा तथा स्वास्थ्य क्षेत्रको पूर्वाधार बिकास भएको यो नगर **खुल्ला दिसामुक्त नगर, पूर्णसाक्षर नगर, पूर्ण खोपयुक्त नगर** जस्ता महत्वपूर्ण उपलव्धी हासिल गर्न सफल भएको छ ।

यस नगरपालिकामा बालमैत्री नगरपालिका घोषणा र सुधारीएको चुलोको कार्ययोजना कार्यन्वयनको चरणमा रहेका छन् । **आध्यात्मिक नगरपालिका घोषणा** भई सूचकहरु कार्यान्वयनमा रहेको यस नगरमा बैदेशिक रोजगारीले युवा श्रमशक्तिको अभाव भई व्यवसायिक कृषि तथा साना उद्योग ओझेलमा पर्नु, उद्यमशिलताको कमी हुनु, कृषकलाई गर्वको रुपमा ग्रहण गर्न नसक्नु, आवास तथा भूमिको बैज्ञानिक ढंगले उपयोग हुन नसक्नु, प्राकृतिक श्रोत र साधनको बैज्ञानिक उपयोग नहुनु, शिक्षा र स्वास्थ्यमा आवश्यक लगानी हुन नसक्नु जस्ता समस्या तथा चुनौतीहरु रहेका छन् । समावेशी र समानुपातिक विकास, **सेवामा सरलता, निष्पक्षता र पारदर्शिता** कायम राखि छिटो छरितो सेवा नागरिकलाई अनुभूति गराउनु नगरपालिकाको प्रमुख जिम्मेवारी रहेको छ ।

## वजेट तर्जुमाका मार्गदर्शन र दीर्घकालिन नीतिहरु :

## नगर सभाका सदस्यज्यूहरु,

आर्थिक वर्ष २०७४/०७५ को प्रस्तावित बजेट तर्जुमाका मार्गदर्शन निम्नानुसार छन् :

- नेपालको संविधान,
- सहस्राब्दि विकास लक्ष्य,
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु, नीति तथा कार्यक्रम,
- स्थानीय स्वायत्त शासन ऐन नियम,
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको बजेट सिलिङ र मार्गदर्शन,

- मध्यकालिन खर्च संरचना (MTMP) अनुरुप प्राथमिकताका कार्यक्रमहरु,
- स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन, २०७४
- नगर सभा सञ्चालन कार्यविधी, २०७४
- नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४
- नगर कार्यपालिका ( कार्यसम्पादन ) नियमावली, २०७४
- स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९,
- सहभागितात्मक र समावेशी योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकता निर्धारण भई आएका योजना तथा कार्यक्रमहरु,
- वडा समितिको वैठक तथा वाल भेलावाट सिफारिस भैआएका र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरु,
- गत आर्थिक वर्षमा निर्दिष्ट भएका नीति तथा योजना र कार्यक्रमहरु,
- नगरपालिकाद्धारा तय गरिएका विभिन्न गुरुयोजनाहरु,
- स्थलगत अनुगमन तथा सुपरीवेक्षणबाट प्राप्त सुझावहरु र विगतका समिक्षा तथा कार्यानुभवबाट प्राप्त पृष्ठपोषण ।

**<u>नगर सभाका सदस्यज्यूहरु,</u>**

अव म आगामी आ.व. २०७४/०७५ को दीर्घकालिन नीति तथा कार्यक्रम वारेमा संक्षिप्तमा उल्लेख गर्न चाहन्छु ।

क) **दीर्घकालिन नीति :**

- महत्वपूर्ण कार्यक्रम तथा आयोजनाहरुको पहिचान गरी स्रोतको सुनिश्चितता गर्ने ।
- एकीकृत र दीर्घकालिन विकासको लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- **नगरको पार्श्वचित्र, नगर भूउपयोग नीति र आवास नीति तर्जुमा** गरी समुन्नत शहरको रुपमा विकास गर्ने ।
- आधारभूत र आधुनिक सेवा सुविधा सरल र सहजरुपमा आम नागरिकलाई उपलव्ध गराउने ।
- राजश्वको संभाव्य क्षेत्रको पहिचान गरी करको दायरा फराकिलो बनाई **राजश्व वृद्धि गर्ने ।**
- कृषिको व्यवसायिकरण गरी **रोजगारी मार्फत गरिवी न्यूनीकरणमा टेवा पु-याउने ।**
- धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र विकास गरी **आध्यात्मिक तथा पर्यटकीय नगरीको रुपमा विकास गर्ने ।**
- नगरपालिकालाई **बालमैत्री र वातावरणमैत्री नगरको रुपमा स्थापित गर्ने ।**
- **सार्वजनिक नीजि साझेदारी नीति** (PPP)अनुरुप कार्यक्रम सञ्चालन गर्ने ।
- औद्योगिक पूर्वाधारको विकास गरी **औद्योगिक क्षेत्र स्थापनामा जोड दिने ।**
- लैंगिक समानता र सामाजिक समावेशीको माध्यमबाट **पारदर्शिता, उत्तरदायित्व र अनुशासन कायम गराई नगरवासीलाई सुशासनको अनुभूति गराउने ।**
- **सार्वजनिक सम्पत्तिको संरक्षण र संवर्द्धन गर्ने । भाषा, सँस्कृति, साहित्य, स्वास्थ्य, शिक्षा र खेलकुदको विकास गर्ने ।**
- **सूचना तथा प्रविधिको विकास र विस्तार** गरी सेवाप्रवाह सहज छरितो बनाउने ।
- स्थानीयस्तरका सञ्चार माध्यमको प्रवर्द्धन गर्ने ।
- **एक नगर एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने ।**
- **नगरक्षेत्रभित्र** सार्वजनिक **यातायात सेवा सञ्चालन** गर्ने ।
- नगरपालिकाको **चक्रपथ** एकिन गरि **निर्माण** गर्ने,
- नगरवासीलाई **विद्युत वितरण कार्यमा सहयोग पुर्‍याउने । सडक सौर्यवत्ती कार्यक्रम सञ्चालन गर्ने ।**

- **फोहर मैला व्यवस्थापन** गरी वातावरणमैत्री, **सफा र सुन्दर नगरपालिकाको रुपमा स्थापित गर्ने ।**
- एकल महिला, द्वन्दपिडित महिला, असहाय, अपाङ्ग तथा न्यून आय भएका **महिलाहरुको जीवनस्तर सुधार ल्याउन शीपमूलक र आयमूलक कार्यक्रम सञ्चालन गर्ने ।**
- **छुवाछुत प्रथाको अन्त्य**का लागि कार्यक्रम सञ्चालन गर्ने,
- **धार्मिक संघ संस्था, मठ मन्दिर, गुम्बा र मस्जिदको संरक्षण र सम्वर्द्धन** गर्ने,
- **अपाङ्गको क्षमता विकास,** सहयोगी सामग्रीको वितरण लगायतका कार्यक्रम सञ्चालन गर्ने,
- टोल सुधार समिति र **नागरिक सचेतना केन्द्रको क्षमता अभिवृद्धि गर्ने ।**
- नगरमा सञ्चालित **गैर सरकारी संस्थाहरुसँग सहकार्य** गरी कार्यक्रम सञ्चालन गर्ने,
- नगरपालिकाभित्र **सुरक्षा व्यवस्थापन** कार्यलाई प्राथमिकता दिने,
- **सामाजिक सुरक्षाभत्ता वैकमार्फत वितरण** कार्यलाई निरन्तरता दिने,
- नगरभित्र रहेका **नदी, ताल, तलैया र पोखरीको संरक्षणमा ध्यान** दिने,
- नगरपालिकाभित्र रहेका **सामुदायिक वनसँगको सहकार्य**मा प्राथमिकता दिने,**वृक्षारोपण कार्यक्रम**लाई निरन्तरता दिने ।
- पार्क निर्माण गरिने, **स्वच्छ सफा र हराभरा देवदह नगरपालिका** बनाइने नीतिलाई निरन्तरता दिने,
- सहकारीको क्षमता अभिवृद्धि र कृ**षि सहकारी मार्फत आर्थिक विकास कार्यलाई निरन्तरता दिने,**
- नगरपालिकामा **वसपार्क र खेलकुद मैदान निर्माण** कार्यमा जोड दिइने यसको लागि सम्बन्धित निकायको सहकार्य र समन्वयमा जोड दिने,
- नगरपालिकाको स्रोतवाट सम्भव नहुने योजनाहरुको लागि केन्द्रस्तरमा सहयोगको लागि सम्बन्धित निकायमा जोड दिने,
- नगरपालिकाले नेपाल **पत्रकार** महासंघ लगायत पत्रकारहरुका संघ संस्था, गैर सरकारी संस्थाहरु र सञ्चारकर्मीसँगको **सहकार्य गर्ने** नीतिलाई निरन्तरता दिने,
- तोकिएको जिम्मेवारी राम्रोसँग सम्पादन गर्ने कर्मचारी, संघ, संस्था, उपभोक्ता समितिलाई **सम्मान तथा पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिने,**
- **एकीकृत सम्पत्ति कर** यसैवर्ष नगरसभाले तोकेको मितिदेखि **लागू गर्ने,**
- नगरपालिकामा रहेका **हाटवजार, व्यापार व्यवसाय एवं मासु पसलहरुको अनुगमन गरि वजार व्यवस्थित गर्ने, उपभोक्ताको हित संरक्षण र संवर्द्धन गर्ने ।**

**ख) आर्थिक वर्ष २०७४/०७५ मा नगरपालिकामा संचालन हुने क्षेत्रगत नीति तथा कार्यक्रमहरु निम्नानुसार हुनेछन् :**

**१) भौतिक पूर्वाधार विकास :**

**नगर यातायात गुरुयोजना तयार** गरी प्रथमिकताप्राप्त सडकमा रकम विनियोजन गरिने छ। **पर्यटन गुरुयोजना, २०७२ लाई पूर्णता प्रदान गरिने** छ। **शहरी विकास गुरुयोजना तयार** गरी मुख्य सडक, सम्पदा र क्षेत्रको पहिचान गरी विस्तृत डिजाईन तयार गरिने छ । **सडकको न्यूनतम मापदण्ड निर्धारण** र कार्यान्वयन गरिने छ। नगरपालिकाको **चक्रपथ निर्माण** कार्य अगाडि बढाईने छ। नगरपालिकाको मापदण्ड अनुरुप सडकको दायाँ-बायाँ लगत कट्टि गर्दै जाने योजना अनुरुप क्रमशः लगत कट्टा गरिनेछ । नगरपालिकामा **पूर्वाधार संरचनाको निर्माण गर्दा उपभोक्ता समिति मार्फत गराउने** र **लागत साझेदारीलाई अनिवार्य गरिने** नीतिलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ। चालु आर्थिक वर्षमा **तीनवटा वडा कार्यालयको भवन निर्माण गरिने** छ । वडा नं. ७ मा निर्माणाधिन **सुविधासम्पन्न भवन**मा पर्यटन प्रवर्द्धन केन्द्र (Tourist Hub) निर्माण गर्ने र यस केन्द्रमा कोसेली घर, अर्गानिक

उत्पादन विक्रि कक्ष, पर्यटन सूचना केन्द्र, पुस्तकालय सांस्कृतिक प्रदर्शनी स्थल लगायत अत्याधुनिक पर्यटन सुविधा उपलब्ध गराउने गरी विकास गरिने छ। नगरपालिकामा **वसपार्क र खेलकूद मैदान निर्माण** कार्यमा जोड दिइने छ।

**पूर्वाधार संरचनाको निर्माण गर्दा** भू-क्षय र वन विनास जस्ता **वातावरणीय पक्षलाई उचित ध्यान** पुऱ्याई प्राकृतिक संरचनामा खलल हुन नदिने व्यवस्था मिलाइने छ। नवनिर्मित सडकका दायाँ-बायाँ रुख रोपी **हरियाली शहर बनाइने** छ। एक नगर एक उद्यान कार्यक्रम सञ्चालन गरिने छ। **खानेपानीका मुहानहरुको सम्भाव्यता अध्ययन र खोजी गरिने** छ। वर्तमान खानेपानी आयोजनाहरुको निमार्णलाई निरन्तरता दिन विषयगत कार्यालयसँग सहकार्य गरिने छ।

नगरमा **ग्रावेल भएका र मापदण्ड पुगेका सडकलाई क्रमशः कालोपत्रे गर्दै लगिने** छ। सडक स्तरोन्नति गर्दा **नाली निर्माणलाई पहिलो प्राथमिकता** दिईने छ। भवन निर्माण मापदण्ड, २०७२ अनुरुप गत वर्ष जस्तै यस वर्ष पनि **नयाँ भवन तथा घरहरु निर्माण गर्दा भवन निर्माण संहिताको पालना गरि नक्सापासलाई अनिवार्य गरिने** छ। प्रत्येक वडामा भवन निर्माण गर्दा एउटै भवनमा टोल सुधार समिति, महिला समूह, सामुदायिक बन, उपभोक्ता समिति जस्ता सामुदायिक संस्थाका सामुदायिक क्रियाकलापहरु संचालन हुन सक्ने गरी व्यवस्था मिलाइने छ। नगरमा संचालित **विद्यालयको भौतिक संरचनाको विकास तथा मर्मत सम्भारमा जोड** दिई **बालमैत्री विद्यालय घोषणा कार्यमा जोड दिइने** छ। सबै **वडाहरुमा सरसफाईका कार्यक्रमहरु संचालन गरी फोहोर व्यवस्थापन गरिने** छ। सरसफाइका गतिविधीहरुलाई अनिवार्य पालना गर्न **''विद्यालय मार्फत विद्यार्थी, विद्यार्थी मार्फत अभिभावक"** साथै समुदायको अगुवाईमा यस कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि वढाइने छ।

वडा नं. २ को पेटवनिया सामुदायिक वनको उत्तर पश्चिम तर्फ, वडा नं. ३ को वसन्तपुर फुलवारी टोल पश्चिम वगरको क्षेत्र र वडा नं. १० को गणेश नगर प्रतिक्षालय उत्तर र राजमार्ग उत्तर केउली पूर्वको क्षेत्रलाई **ल्याण्डफिल्डसाईड**का रुपमा बिकास गर्न सरोकारवाला निकायसँग सहकार्य गरिने छ। नगरपालिकामा सम्भाव्य देखिएका **सिँचाई आयोजनाहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिने** छ र नयाँ योजनाहरुको थप सम्भाव्यता अध्ययन कार्यलाई निरन्तरता दिइने छ। नगरपालिकामा **विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला संघ संस्थासँग सहकार्य** गरिने छ र **विपद व्यवस्थापन कोष खडा गरिने** छ।

## २) आर्थिक तथा सामाजिक विकास

सवैका लागि शिक्षा कार्यक्रम अन्तर्गत शिक्षामा पहुँच बढाई **शैक्षिक गुणस्तर सुधार, छात्रवृत्ति वितरण, पुस्तकालय निर्माण तथा उत्कृष्ट प्रतिभालाई पुरस्कृत गर्ने** कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईने छ। यस शैक्षिक सत्रमा **बौद्ध दर्शन सम्बन्धी स्थानीय पाठ्यक्रम** तयार भई नगरपालिकाका सामुदायिक विद्यालयमा कक्षा ६ मा परीक्षणको रुपमा पठनपाठन भैसकेको छ। वि.सं. २०७४ को नयाँ शैक्षिकसत्र देखि उक्त पाठ्यक्रम नगरपालिकाका सामुदायिक र संथागत **सवै विद्यालयका कक्षा ७ मा पनि लागू गरिने** छ। राष्ट्रिय सरसफाई सप्ताहको अवसरमा यस वर्ष पनि नगरपालिकामा सरसफाई सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने छ। **''स्वदेशमै उत्पादन बढाउँ, आफ्नै जन्मथलोमा रमाउँ"** भन्ने मान्यता अनुसार **बैदेशिक रोजगारीबाट फर्केका र स्वदेशमै उद्यम गर्न चाहने युवा जनशक्तिलाई व्यवसायिक कृषिमा आकर्षण गर्ने कार्यक्रम** यस वर्ष **संचालन गरिने** छ।

**ऐतिहासिक पाकडी वृक्षलाई सिद्ध बृक्ष (Tree of Heaven) को रुपमा संरक्षण गरिने** छ। **लुम्बिनि बौद्ध विश्व विद्यालयको कुनै** एउटा आंगिक विषय देवदह ८ मा संचालन गर्न सिफारिस गरिएको हुँदा सम्बन्धन प्राप्त गर्न सम्बन्धित निकायसँग थप पहल गरिने छ। नगरपालिकाका **हाटबजारस्थलको पूर्वाधार निर्माण** गरी दिगो व्यवस्थापनमा जोड दिइने छ। नगरका **सवै वडाहरुमा अर्गानिक तरकारी तथा फलफुल उत्पादन कार्यमा जोड दिईने** छ।

**चुरे क्षेत्रमा वाखापालन, तरकारी र मौरीपालनलाई जोड दिईने**छ। वडा नं २ पेटवानियामा कृषकहरुलाई व्यवसायिक तरकारी खेति गर्न आकर्षित गरिने छ। **"एक नगर एक उत्पादन" अनुरुप दुग्ध उत्पादन**लाई यस वर्ष पनि निरन्तरता दिइने छ। दुग्ध उत्पादक कृषकलाई सुलभ मूल्यमा भुई घास उपलब्ध गराउने ब्यवस्था मिलाइने छ। **दुग्धजन्य उत्पादनको व्यापार विविधिकरण गरिने**छ। व्यावसायिक कृषि, पर्यटन र दुग्ध उत्पादन लगायत लघु उद्यम कार्यक्रम संचालन गर्न यस वर्ष थप रकम विनियोजन गरिएको छ।

यसवर्ष **बार्षिक २ लाख भन्दा बढि आयआर्जन गर्ने कृषकलाई सुचिकृत गरी सम्मान गरिने** नीति लिइएको छ। नगरपालिकामा रहेका आदिवासी जनजातिका प्राचिन सँस्कृतिको संरक्षण र विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

**दलितको परम्परागत पेशालाई आधुनिकीकरण गरिने** छ । **मझौला तथा ठूला उद्योगहरु स्थापनाको सम्भावना क्षेत्र एकिन गरिने** छ । उत्पादन र आयआर्जन बढाउन सफल **कृषि सहकारीसँग सहकार्य** गरिने छ । भौगोलिक सम्भाव्यतालाई मध्यनजर गरी तुलनात्मक लाभका बाली उत्पादनमा जोड दिइने छ। आधुनिक पद्दतिबाट **व्यवसायिक तरकारी तथा फलफूल खेती र पशुपालनमा युवा कृषकहरुलाई आकर्षित गरिने** छ। यस वर्ष वडा नं. ७ को **सरनटाडीलाई अर्गानिक तथा सांस्कृतिक होमस्टे** र वडा नं ३ **शिसपुरलाई थारु सांस्कृतिक होमस्टे र वडा नं. १० को मुढावासलाई पनि होमस्टेको रुपमा विकासको संभाव्यता अध्ययन गरिने** छ। होमस्टेमा माछा तथा केरा उत्पादन गरी प्रर्वद्धन गरिने छ। विकासको मूलप्रवाहमा **महिला, दलित, अपाङ्ग तथा विपन्न वर्गको पहुँच बढाईने** छ । विपन्न वर्ग र समुदायका महिलाहरुको आर्थिक श्रोत र साधनमा पहुँच बढाउन **आय आर्जन र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने** छ। **मुश्लिम तथा पिछडावर्गका महिलालाई क्षमता बिकास तालिमको ब्यवस्था** मिलाईने छ। महिलाहरुको क्षमता अभिवृद्धि गरी आयआर्जन गर्न सक्षम बनाउने नीति लागू गरिने छ। **एकल महिला, द्बन्द पिडित महिला, असहाय, अपाङ्ग तथा न्यून आय भएका महिलाहरुको जीवनस्तर सुधार ल्याउन शिपमूलक र आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिने** छ।

**जलवायु परिवर्तनका असर** न्यूनिकरण गर्न **र सोबाट बच्ने उपायको खोजी गरिने** छ। नगरको प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक क्षेत्रको पहिचान, विकास र विस्तार गरी **पर्यटन प्रवर्द्धन मार्फत आर्थिक विकासमा जोड दिइने** छ। **परम्परागत लोकसंस्कृतिको संरक्षण र सम्बर्द्धन** गर्न जोड दिने नीति यस वर्ष पनि निरन्तरता दिइने छ। यस वर्ष **पर्यटन गुरुयोजना,२०७२ लाई पूर्णता** दिई देवदह नगरपालिकालाई महत्वपूर्ण पर्यटकीय गन्तव्यस्थलको रुपमा बिकास गरिने छ। नगरपालिकाको वडा नं. ४ **भवानीपुरमा THE GOLDEN TEMPEL OF LOVING BUDDHA को निर्माण** कार्य शुरु भैसकेको छ। यो क्षेत्रलाई लुम्बिनी सर्किटको महत्वपूर्ण स्थानको रुपमा विकास गर्ने नीति लिइएको छ। **भवानीपुर, खयरडाँडा, बैरीमाई र कन्यामाईमा यस वर्ष पुरातात्विक उत्खनन कार्य अगाडि बढाइने** छ। वडा नं. १० **देवदह (मंगल पुस्करिणी) को पुनःनिर्माण** गरी यसलाई आकर्षक गन्तव्यस्थलको रुपमा विकास गरिने छ।

**नगरपालिकाभित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन, सिमाङ्कन साथै संरक्षण, सम्वर्द्धन र व्यवस्थित वसोवासको व्यवस्था मिलाउन साथै राष्ट्रिय आवास कम्पनीको नाममा रहेको जग्गा भोगचलनको आधारमा नापनक्सा समेत भै सकेको जग्गाको समस्या समाधान गर्न नगर स्तरिय समिति गठन गरि सम्बन्धित निकायमा पहल गरिने**छ। नगरपालिकालाई **वालमैत्री नगरपालिका घोषणाको लागि आवश्यक कार्ययोजना** बनाउन आवश्यक रकम विनियोजन गरिएको छ। यसको लागि **वालमैत्री डकुमेन्ट्री निर्माण र चेतनामूलक कार्यक्रम सञ्चालन गरिने** छ। **जेष्ठ नागरिकलाई सरल र रमणीय जीवनयापन गर्न सक्ने बनाउन** शितलनगर दुर्गा मन्दिर क्षेत्रमा नागरि**क मिलन केन्द्रको निर्माण कार्य अगाडि बढाइने** छ।आ.व. २०७४/०७५ लाई **"लैंगिक हिंसा न्युनीकरण वर्ष"** को रुपमा मनाईने छ। यसको लागि **प्रत्येक वडामा एकजना लैंगिक सम्पर्क व्यक्ति तोकिने** छ। यस वर्ष **युवालाई नगर निर्माण कार्यमा सरिक गराउन रोजगारमूलक कृषि र उद्यमशिलता सम्वन्धि तालिम सञ्चालन गरिने** छ। आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका **मुसहर वस्तीका समस्या समाधान गर्ने कार्यक्रम संचालन गरिने** छ। **थारु, मधेशी, मुस्लिम, मुसहर लगायतका पिछडिएका वर्ग र समुदायलाई व्यवसायिक कृषि र लघु उद्यम कार्यक्रम सञ्चालन** गर्न विशेष प्राथमिकता दिइने छ।

**अपाङ्गताको प्रकृति अनुरुप** तिनीहरुको आय **आर्जन तालिम तथा सहयोगी सामग्री वितरण** कार्यलाई निरन्तरता दिइने छ। **जिल्ला जनस्वास्थ्य कार्यालयको सहकार्यमा स्वास्थ्य चौकीको स्तरोन्नती गरिने** छ। **सिक्टहन स्वास्थ्य चौकीमा सुत्केरी कक्ष सञ्चालन गरिने** छ । देवदह १० रोहीणी नदी तटक्षेत्र **सिद्धेश्वर शिवालय मन्दिर क्षेत्रमा योग, आर्युवेद, प्राकृतिक चिकित्सा तथा ध्यान केन्द्र सहित गौशाला सञ्चालन** गरी मुक्तिनाथ क्षेत्रमा आउने धार्मिक पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गरिने छ। **देवदह क्षेत्रलाई "योग र आर्युवेदको उदगमस्थल" को रुपमा विकास गरिने** छ।

## ३) संस्थागत विकास तथा सुशासन

यसै वर्षदेखि **डिजिटल नागरिक बडापत्र लागू गरी सेवाग्राहीलाई Smilling Service प्रदान गरिने** छ । नगरपालिका कार्यालयको प्रशासनिक र संगठनिक विकास अन्तर्गत विभिन्न महत्वपूर्ण शाखा सञ्चालन गरिने छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशानुसार कर्मचारीको दरवन्दि थप गरिनेछ । नगरपालिकाको **आधारभूत सेवालाई नागरिकको घरदैलोमा पुर्‍याउने** क्रममा क्रमशः **सम्बन्धित वडामा वडा कार्यालय सञ्चालन गरिने** व्यवस्था मिलाइने छ । सानातिना झैंझगडा र विवाद मिलाउन, सार्वजनिक सम्पति अतिक्रमण रोक्न, सामाजिक विकृती नियन्त्रण गर्न, सामाजिक अनुशासन कायम राख्न, उद्यमशिलता प्रवर्द्धन गरी सीप विकास गर्न र व्यवसाय प्रवर्द्धन गर्न **टोल विकास संस्थालाई आवश्यक तालिमको माध्यमवाट अधिकार सम्पन्न बनाइने** छ । टोल विकासमा **"उत्कृष्ठ कार्य गर्ने संस्थालाई पुरस्कृत र सम्मान"गर्ने** कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिका क्षेत्रभित्र सुरक्षा व्यवस्थापन भरपर्दो र प्रभावकारी वनाउन नगर स्थित सुरक्षा निकाय सँग समन्वय गरिनेछ ।

नगरपालिकामा सञ्चालित **वेभसाईट, ई-मेल, इन्टरनेट तथा सामाजिक संजाल मार्फत नगर स्तरीय योजना र दैनिक प्रशासनलाई नागरिक समक्ष पुऱ्याइने** छ । **"प्रत्येक वडा कार्यालयमा वर्षको १ पटक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन"गर्ने** नीतिलाई निरन्तरता दिइने छ । नगरमा सञ्चालित आयोजनामा पारदर्शिता कायम गर्न वडा समितिको **सक्रियतामा उपभोक्ता समिति गठन गरिने** छ। अनुगमन समितिको गठन **सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने व्यवस्थालाई अनिवार्य गरिने** छ । उपभोक्ता समितिका सदस्य मार्फत समिति गठन, योजना सम्झौता र सञ्चालन त्यसको लेखा र सार्वजनिक परीक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम यस वर्ष संचालन गरिने छ। **गैर सरकारी संस्थाद्धारा सञ्चालित कार्यक्रमलाई** नगरपालिका मार्फत सञ्चालन गर्ने गरी **"एकद्वार प्रणाली"लागू गरिने** छ। **खर्च प्रणालीलाई पारदर्शी बनाई कार्यसम्पादन स्तरमा सुधार गरी आमजनतालाई सुशासनको प्रत्याभूति दिइने** छ । **उत्कृष्ट विद्यालय, उपभोक्ता समिति, टोल सुधार समिति, गैर सरकारी संस्था, व्यावसायिक कृषक र नागरिक समाजलाई "सम्मान र पुरस्कृत" गर्ने** कार्यलाई निरन्तरता दिइने छ। नगरपालिकाबाट सञ्चालित **विकास निर्माण कार्यको "निरन्तर अनुगमन र गुणस्तरीयता"कायम राख्न नगर स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिको भूमिका सक्रिय बनाइने** छ।

आम नागरिकको गुनासो तत्काल सुन्ने व्यवस्थाका लागि **गुनासो सुन्ने अधिकारी** मार्फत तत्कालै सम्बोधन गर्ने व्यवस्था मिलाइने छ । **सामुदायिक मेलमिलाप केन्द्रको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने** छ । नगरपालिकाका **कर्मचारीको क्षमता अभिवृद्धि गरिने** छ। **कर्मचारीको आचारसंहिता नगर सभावाट पारित गरी लागू गरिने** छ। **कर्मचारीको "कार्यविवरण बमोजिम कार्यसम्पादन" कार्यमा जोड दिइने** छ । यसको लागि आवश्यक तालिम सञ्चालनको व्यवस्था मिलाइने छ ।

**सामाजिक सुरक्षाभत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गरिने** व्यवस्थालाई निरन्तरता दिइने छ। यसलाई अझ पारदर्शी, छरितो र व्यवस्थीत बनाइने छ । कार्यालयको **खरिद प्रणालीलाई व्यवस्थित गरिने** छ । नगरपालिकाद्धारा प्रदान गरिने सेवा प्रवाहलाई सहज सरल र सुलभ बनाईने छ । नगरपालिकामा रहेका हाटवजार, व्यापार व्यवसाय एवं मासु पसलहरुको अनुगमन गरि वजार व्यवस्थित गर्ने, उपभोक्ताको हित संरक्षण र संवर्द्धन गर्ने कार्य सञ्चालन गरिनेछ। नगर स्थित संघ संस्था, **नागरिक समाज, उद्योग बाणिज्य संघ/संगठन र आम सञ्चार माध्यमको सहकार्यमा जोड दिइने** छ। **लोककल्याणकारी विज्ञापन** र प्रचार प्रसारमा सम्वद्ध सञ्चारकर्मीलाई प्रोत्साहित गरिने छ । न्यूनतम शर्त तथा कार्यसम्पादन मापन निर्देशिका वमोजिम नगरपालिकाका विकास र निर्माणका कार्य नियमित रुपमा सञ्चालन गरिने छ ।

## ४) सरसफाई र वातावरण सन्तुलन

नगरक्षेत्रको सडक संजाल मध्ये "**प्रत्येक वर्ष कम्तिमा एउटा सडकलाई कालोपत्र, स्तरीकरण, नाली निर्माण, वृक्षारोपण र पैदलयात्रु पथ सहित नमूना सडक" आयोजना बनाउने** नीतिलाई निरन्तरता दिइने छ । **खानेपानीका मुहान र प्राचिन कुवाको संरक्षण गरिने** छ। नगरपालिका सफासुग्घर **वातावरणमैत्री नगर वनाउन नागरीक मञ्च र टोल विकास संस्थाको भूमिकालाई थप प्रभावकारी**

**तुल्याईने** छ।  नगरपालिका खुल्ला दिसा मुक्त घोषणा भैसकेको हुँदा सम्बन्धित **सरोकारवाला संघ संस्था मार्फत  POST ODF का कार्यक्रम संचालन गरिने** छ। विभिन्न टोललाई **पूर्ण सरसफाई टोल घोषणा गरिने** नीतिलाई अवलम्बन गरिने छ। **सार्वजनिक-निजी-साझेदारी कार्यक्रम(PPP) मार्फत नगर सरसफाई तथा वातावरण सुधारका कार्यक्रमहरु संचालन गर्ने** व्यवस्था मिलाईने छ। जलवायु परिवर्तनका असर न्यूनिकरण कार्यक्रमहरु संचालन गरिने छ। **सामुदायिक बनको सहकार्य र समन्वयमा १० हेक्टरमा १२ हजार बृक्षारोपण गर्ने** कार्यलाई यस वर्षपनि निरन्तरता दिइने छ। देवदह नगरपालिकामा सन २०१८ सम्म **धुवारहित चुलो निर्माण सम्पन्न गर्ने कार्यक्रम** अगाडि बढाईने छ।

### ५) अनुसासन र उत्तरदायित्वः

उपभोक्ता समितिको कार्यदक्षताको लेखाजोखा गरिने छ। **स्रोतको उच्च सदुपयोग गर्न नसक्ने र नतिजामुखी कार्य सम्पादन नगर्ने उपभोक्ता समितिलाई “कालो सुचि” मा राख्ने पत्रिया अगाडि बढाइने** छ। नगर शिक्षा समितिको गठन गरिनेछ। **समुदायिक विद्यालयको परिक्षाफल नतिजाको मूल्याङ्कन गरिने** छ। **उद्यमशिलताको विकास** गरी आर्थिक, सामाजिक विकासमा टेवा पुर्‍याउने **संघ, संस्थालाई पुरस्कृत र सम्मान गरिने** छ। **सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन**मा जोड दिईने छ।

### ६) श्रोत परिचालन तथा क्षमता विकासः

**करको दायरा फराकिलो बनाइने** छ। करका संभाविता क्षेत्रको पहिचान गरिने छ। आन्तरिक राजस्व वृद्धि गर्ने कार्य सञ्चालन गरिने छ। **इमान्दारीपूर्वक कर तिर्ने करदातालाई सम्मान एवं पुरस्कृत गरिने**छ। **यसै आर्थिक वर्षभित्र एकीकृत सम्पत्तिकर कार्यान्वयनमा ल्याइने** छ। **कर सप्ताह र घुम्ती सेवा संचालन गरी थप राजस्व संकलन गरिने** छ।यसै वर्ष देखि **सार्वजनिक खर्च प्रणालीलाई मितव्ययी र प्रभावकारी वनाईने** छ। **नगरपालिकाको श्रोत र साधनवाट संभव नहुने योजना र कार्यक्रमको लागि जिल्ला तथा केन्द्रीय निकायमा सहयोगको लागि अनुरोध गरिने** छ।

**नगर सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०७३/०७४ का लागि वार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा लिइएका विभिन्न उद्देश्य तथा नीतिको आधारमा योजना तथा कार्यक्रमका लागि **अनुमानित आय-व्यय** तपशिल बमोजिम सञ्चालित हुने गरी प्रस्तुत गर्न अनुमति चाहन्छु ।

*( रु. हजारमा )*

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | आयः | |
| १ | नेपाल सरकार कूल अनूदान | ३८३,६७३ |
| क | सर्शत अनूदान रु. १३०१६१ | |
| ख | वित्तिय समानिकरण अनूदान रु. २५३५१२ | |
| २ | सामाजिक सूरक्षा कार्यक्रम | ७४,२५५ |
| ३ | आन्तरिक आय | २२,५०० |
| ४ | गत आ.ब.को मौज्दात | ३९,०११ |
| | **जम्मा** | **५१९,४३९** |
| | व्ययः | |
| १ | चौथो नगरपरिषदबाट पारित योजना तथा कार्यक्रम | ८५,५३८ |
| २ | सर्शत अनूदान (विषयगत कार्यालय) | १३०,१६१ |
| ३ | चालू खर्च प्रस्तावित | ४८,५८५ |
| ४ | पूजिगत खर्च प्रस्तावित | १,८०,९०० |
| ५ | सामाजिक सूरक्षा कार्यक्रम (अनूमानित) | ७४,२५५ |
| | **जम्मा** | **५१९,४३९** |